**Armed Police Force, Nepal**

# Welfare Service Center

**Halchowk, Kathmandu, Nepal**

**Invitation for Bids**

**(IFB No: APF/WSC/NCB/G/01/2081/082)**

**Date of publication:2081/04/25**

1. The Armed Police Force, Nepal Welfare Service Center invites *electronic* bids from eligible bidders for the procurement of *below mentioned Goods f*or fiscal Year 2081/082 under National competitive biddingsingle stage two envelope procedures specified in Public Procurement Act and Regulations.

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 23 of the Bidding Document.

3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal, telephone +977-1-5249030 and e-mail: welfaresection@gmail.com** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Himalayan Bank Limited, Swoyambhu Branch, Kathmandu Nepal
   **Name of Office:** The Armed Police Force, Nepal Welfare Service Center
   **Office Account no.:**02500944630015

5. Pre-bid meeting shall be held at The Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal at 13:00 hrs. **2081/05/07.**

6. Bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on **2081/05/23** Bids received after this deadline will be rejected.

7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** hrs on **2081/05/23** at the office of Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum below mentioned respective coloum. Which shall be valid for 30 days beyond the validity period of the bid. (**i.e. Date 2081/09/21, 5th Jan. 2025**).

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

9. The name and identification of the contracts are as follows:

| S.N. | Contract ID No. | Name of Procurement | | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | APF/WSC/NCB/G/01/2081/082/001 | Medicines Related Items | Medicines Related Items Set "A" | 3000.00 | 3,17,000.00 |
| | | | Medicines Related Items Set "B" | | 1,24,000.00 |
| 2. | APF/WSC/NCB/G/01/2081/082/002 | Surgical & Radiology Related Items | Surgical Related Items Set "A" | 3000.00 | 1,47,000.00 |
| | | | Surgical Related Items Set "B" | | 62,000.00 |
| | | | Radiology Related Items | | 68,000.00 |
| 3. | APF/WSC/NCB/G/01/2081/082/003 | Pathology Related Items | | 3000.00 | 2,41,000.00 |

SSP

आकस्मिक बाढी पहिरोका त्रास

# मृतकको सङ्ख्या एघार पुग्यो



आरुघाटमा पहिरोमा पुरिएकाको शव खोज्दै ।

साधन थर्मी
मकरी (धादिङ), साउन २४ गते

कान्तुङको बडीगाड गाउँपालिका-१० स्थित आरुघाटमा पहिरोमा परेर ज्यान गुमाउनेको सङ्ख्या ११ पुगेको छ। प्रहरी उपरीक्षक जनिकदत्त पौडेलका अनुसार बिहीबार बिहान बेपत्ता सात वर्षीय मधु कुवा र बालक १० वर्षीय मनीष कुवाँको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सल्लुडाले जनाएको छ। योसँगै आरुघाटमा पहिरोमा ज्यान गुमाउनेको सङ्ख्या ११ पुगेको हो।

मङ्गलबार बिहान करिब साढे सात बजेको समयमा बस्तीमाथिबाट आएको खहरे र पहिरोले स्थानीय शेरबहादुर कुवाका छोरा बालकसहित दुई घर पुरिएर सात जनाको घटनास्थलमै मृत्यु भएको थियो। एक जनाको उपचारका क्रममा स्वीप निधन भएको थियो। बेपत्ता दाजुभाइ एकको बुधबार र दुई जनाको बिहीबार शव फेला परेको हो। ज्यान गुमाउने सबै आरुघाटका स्थानीय हुन्। मनीष र मधुसहित तीन वर्षीय अम्रत, ७० वर्षीय सोमिती कार्की, ८ वर्षीया सिमु राना विक, सात वर्षीय पारसी सुन, ११ वर्षीय नीना सुन, तीन वर्षीय प्रमला कुवा र ७८ वर्षीय शेरबहादुर कुवा पहिरोमा परेर ज्यान गुमाएका हुन्। पहिरोमा बेपत्ता रहेको मध्ये ११ वर्षीय सफलाल विक (सुमन) को शव फेला परेको प्रहरी उपरीक्षक पौडेलले बताउनुभयो।

घाइतेमध्ये ६५ वर्षीय सीता थापा, १२ वर्षीय रिमा पुन र ४६ वर्षीय लक्ष्मीला कुवाको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौं पुऱ्याइएको छ। उनीहरूको अहिले ट्रमा सेन्टरमा उपचार भइरहेको गाउँपालिका अध्यक्ष गण्डकी थापा प्रशासकीयले जानकारी दिनुभयो। बुधबार दिउँसो घाइते किशोरीलाई भेट गर्नुभएका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले अस्पताल प्रशासनलाई घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न निर्देशन समेत दिनुभएको थियो। सो क्रम घाइतेको नर्सिङमा प्राथमिक स्वास्थ्य केन्द्र र एक जनाको काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको छ।

मङ्गलबार बाँकी गाउँपालिकाको वडा नम्बर ९ मा बाढी पहिरोमा परेर दुई जनाको ज्यान गएको थियो। जिल्ला प्रशासन कार्यालय धादिङका सहायक प्रमुख जिल्ला अधिकारी पिताम्बर थपलिया अनुसार वडा नम्बर ९ र १० का पुलहरूको क्षतिमा चेकपोस्ट गरी आक्रान्तलाई बुधबार बुधबार सामुहिक दाहसंस्कार गरिएको छ। बिहीबार भेटिएका मधु र मनीषको शव पनि स्थलगत पोस्टमार्टम गरेर आफन्तलाई बुझाई दाहसंस्कार गरिने छ।

गाउँपालिका उपाध्यक्ष सीमकोन थनका अनुसार सोही ठाउँको दलित लोकको फोलुङमा पुल तरेर आफन्तसँग भाग्ने क्रममा साथलाई लोकले बगाएको थियो। बेपत्ता सापलालको खोजी गर्ने क्रममा फोलुङको पुलमाथि फर्केर एक किलोमिटर तल खोला किनारमा उनीले सानोमा शव फेला परेको पहिल्यै भेटिएका जनाएको बताउनुभयो। उनले भन्नुभयो, "आफन्तसँग ज्यान जोगाउन फोलुङको पुल तर्ने क्रममा खोलामा आएको बाढीले सापलालाई बगाएको भन्ने प्रत्यक्षदर्शी आफन्तले बताउनुभएको छ। बिहीबार खोज्न गर्दै क्रममा उनीको शरीर लागेको खोला किनारमा भेटिएको छ।"

पचासबढी घर विस्थापित

पहिरो मास अनेक घर जोखिम ग्रामीणमा उदाहरण बस्तीका आवासको अस्थायी खाल्डोमा एक घर पूर्ण रूपमा क्षति पुगेको छ। १२ घर उच्च जोखिममा फेला छन् भने ३८ घर पनि जोखिममा रहेको गाउँपालिका उपाध्यक्ष थनले बताउनुभयो। सबै विस्थापित परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। विस्थापित पीडित सबै आफन्तकोमा र स्थानीय नमुना आधारभूत विद्यालयको भवनमा बसिरहेका छन्। उपाध्यक्ष थनका अनुसार बिहीबारदेखि अतिरिक्त वितरण सुरु गरेका भइरहेको छ। मृतक र विस्थापित पीडित परिवारलाई राहत, घाइतेको उपचार र आवास पुनर्निर्माणमा ध्यान दिन स्थानीय तहको निकाले सरकारसँग आग्रह गर्नुभएको छ।

आरुघाट जाने सडक धौलागिरिदेखि अवरुद्ध बनेको छ। सडकमा आएको खहरेले आरुघाटमा क्षति पुऱ्याउँदा आरुघाटका विद्युत अवरुद्ध भएको छ। मोबाइल, इन्टरनेट, टेलिफोन नेटवर्क प्रभावित बनेको छ। पाल्याकाको क्षेत्र आरुघाट गाउँ पुल सोही गाउँपालिकाको वडा नम्बर ७ धौलागिरिमा दुईपटकसम्म बाढी पहिरोले बगाएको छ। पीडित परिवारलाई त्रिपाल गाउँपालिका, रेडक्रस सोसाइटी आपतकालीन, जिल्ला विपद् व्यवस्थापन कोषबाट राहत उपलब्ध गराइएको सहायक प्रशासक थनले बताउनुभयो।

धादिङबाट सडक खुलाउन कठिन देखिएको छिमेकी जिल्ला गोरखाको गाउँपालिकाबाट खुलाउने प्रयास भइरहेको स्थानीय प्रतिनिधि बताउनुहुन्छ। घटनास्थलमा जनप्रतिनिधिसहित स्थानीय, नगर प्रहरी, नेपाल प्रहरी, नेपाली सेना र स्वास्थ्यकर्मीको टोली खटिएका छन्। उपाध्यक्ष थनले भन्नुभयो, "पहिलेभन्दा बढी परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। अविरल वर्षाले आरुघाटमा क्षति पुगेको छ।"

# सङ्क्रमण बढेपछि चार विद्यालय बन्द

तनहुँ समाचारदाता
तनहुँ, साउन २४ गते

डेङ्गु सङ्क्रमणको बिरामी बढेपछि नियन्त्रणको प्रयासस्वरूप आँबुखैरेनी गाउँपालिकाका चार विद्यालय बन्द गरिएको छ। आँबुखैरेनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अग्रमान उपाध्यायले आँबुखैरेनी बजार र यस आसपासका क्षेत्रमा डेङ्गुका बिरामी बढ्दै गएकाले विद्यालय बन्द गरिएको जानकारी दिनुभयो।

उपाध्यायका अनुसार उक्त वडा ६ मा रहेका शारदा माध्यमिक विद्यालय, पञ्चकन्या बालज्योति अङ्ग्रेजी बोर्डिङ स्कूल, बालशिक्षा सदन बोर्डिङ स्कूल र नवयुग अङ्ग्रेजी बोर्डिङ स्कूल बन्द गरिएको छ। अर्को सूचना नआएसम्मका लागि बन्द गरिएको हो। आँबुखैरेनीमा मात्रै करिब ५५० जनामा सङ्क्रमण भएकाले लामखुट्टेको फुल पार्ने ठाउँ नष्ट गर्ने भन्ने नगरकेन्द्रित टोल टोल, बस्ती बस्तीमा अभियान सञ्चालन गरिएको उपाध्यायले जानकारी दिनुभयो।

बिरामीको सङ्ख्यामा वृद्धि भएको अवस्थामा विद्यालय बन्द गर्ने र रोकथाम तथा नियन्त्रणका कार्यक्रम पूर्ववत विशेष सतर्कता अपनाउन आग्रह गरिएको आँबुखैरेनी गाउँपालिकाका शिक्षा शाखा प्रमुख निर्मला खड्काले जानकारी दिनुभयो।

# गौहत्यामा दुई जना पक्राउ

सुलीकोट समाचारदाता
सुलीकोट, साउन २४ गते

गोरखामा गाई काटेर खाने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भीमसेन थापा गाउँपालिका-४ बस्ने ४१ वर्षीय पासुराम अ र सोही ठाउँका ३३ वर्षीय साजन स्युर्देली भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो।

प्रहरीका अनुसार भीमसेन थापा गाउँपालिका-४ का दीपक कार्कीले पालेको गाईलाई १४ हजार रुपैयाँमा खरिद गरी साउन २१ गते दिउँसो ३ बजे दुई वर्षे गाईलाई बञ्चरोले हानेर मारेका थिए। बुधबार जिल्ला प्रहरी कार्यालय गोरखाबाट खटिएको प्रहरी टोलीले दुवै जनालाई पक्राउ गरेको हो।

घटनास्थलबाट गाई मार्न प्रयोग भएका हातहतियार बञ्चरो, खुकुरी र कर्ती, गाईको टाउको, खुट्टालगायतका अङ्ग प्रहरीले बरामद गरी प्रमाणका लागि पेस गरेको बताइएको छ।

# पहिरोमा अभिभावक गुमाएका रोशनलाई पढाउँदै धनराज



रोशनलाई पढ्ने व्यवस्था मिलाएपछिको विद्यालयका प्रधानाध्यापकसहितको सामूहिक तस्बिर ।

राधाकृष्ण दुबे
बागलुङ, साउन २४ गते

पहिरोमा अभिभावक गुमाएर एक्लो बनेका म्याग्दीका विद्या गाउँपालिका-६ का रोशन अब विद्यालय भर्ना हुनुभएका छ। नेपाली कांग्रेसका उपसभापति तथा पूर्वमन्त्री धनराज गुरुङले रोशनलाई विद्यालयमा भर्ना गराउनुभएको हो।

गएको असार २६ गते गएको पहिरोमा परेर रोशनको परिवारका सबै सदस्यको मृत्यु भएको थियो। पहिरोको अवलोकन गर्न गई पुग्नुभएका नेता गुरुङले बालकलाई आफूले पढाउने जिम्मा लिनुभएको हो। म्याग्दीको बिहीबार गाउँपालिकामा असार २६ गते आएको भीषण पहिरोमा परेर अभिभावकका रूपमा रहनुभएका हजुर आमा गुरुङकुमारी शर्माको निधन भएको थियो। हजुरआमाको मृत्युपछि रोशन जेठा हजुरबुवाको घरमा बस्दै आउनुभएको थियो। अवलोकनसँगको भ्रमणमा र रोशनको पनि स्वास्थ्यपरीक्षण पुर्वमन्त्री गुरुङले जाँच गराएको जानकारी दिनुभयो।

नेपाली कांग्रेस बिहीबार गाउँपालिकाका सभापति डोल्बहादुर पौडेलले जन्मदिने आमाले अर्को बिहे गरेको र बुवा सुरुङ मर्नीबाहेक माया कारण रोशन हजुरआमा गुरुङेश्वरी शर्मासँग बस्नुभएको। उहाँहरू बस्दै आएको घरमा खोला र पहिरोको जोखिम बढेपछि कोही घर आफन्तको घरमा बसन गएका थिए। पहिरो आउँदा घर भत्किएर हजुरआमाको मृत्यु भएको थियो।

स्थानीयस्तरमा रोशन बस्दा केही पढ्ने फर्केको कारण रोशन कुण्ठित रहन सक्ने हुनुभयो। सोही दिन विद्या गाउँपालिका-६, म्याग्दीका धवल शर्मा, हरिमाया शर्मा र कृष्णमाया शर्मा पहिरोको स्कन्धमा पुरिएर मृत्यु भयो। पहिले मङ्गलबारै बालकलाई अवलोकनमा पुग्नुभएका नेता गुरुङले बच्चालाई पढाउने हुन सकिने प्रतिबद्धता जनाउँदै बच्चाको सबै जिम्मेवारी लिने प्रतिबद्धता जनाउनुभएको थियो। सोही प्रतिबद्धता अनुरूप रोशनलाई बागलुङको एक एकेडेमीमा १२ कक्षासम्म पढाउने गरी भर्ना गरिदिनुभएको बताइएको छ।

यसअघि सोही पहिरोबाट परिवारविहीन बन्नुभएका सोही ठाउँको गोविन्द थापा मगरलाई पनि स्नातक तह निःशुल्क पढ्ने गरी पोखरामा भर्ना गरिएको नेपाली कांग्रेस जिल्लाका सभापति पौडेलले बताउनुभयो। बाढी र पहिरोमा परेर म्याग्दीको यस वर्षको सङ्ख्यामा १४ जनाको मृत्यु र सात घाइते भएका छन्। बेनी, मङ्गला नगरपालिकासहित अन्नपूर्ण गाउँपालिकाका केही बस्ती जोखिममा छन्।

# गोरखामा चाइनिज सालकको उद्धार

सुलीकोट (गोरखा), साउन २४ गते। गोरखामा चेकिङका चाइनिज सालकको उद्धार गरिएको छ। मङ्गलबार दिउँसो ३ बजे आरुघाट गाउँपालिका-९, भवन खेलको एक स्थानीयको घरमा छिरेकाले स्थानीयबासीले सालकलाई समात गरेर इलाका प्रहरी कार्यालय आरुघाटको प्रहरी टोलीले उद्धार गरी डिभिजन वन कार्यालयमा बुधबारको डिभिजन वन कार्यालय गोरखाका सूचना अधिकारी महेश पोखरेले जानकारी दिनुभयो।

# बेनीघाट-आरखेत सडक अवरुद्ध

सुलीकोट समाचारदाता
सुलीकोट, साउन २४ गते

गोरखाको बेनीघाट-आरुघाट सडकखण्ड अवरुद्ध भएको छ। गोरखामा बुधबारदेखि निरन्तर रूपमा परेको अविरल वर्षाका कारण गण्डकी गाउँपालिका-४, मझुवाबेसीस्थित सम्दीबोकामा भएको ठूलो पहिरोले सडक अवरुद्ध भएको हो।

बेनीघाट-आरुघाट सडकखण्डको मुख्य सडकका रूपमा रहेको दर्बुङको सम्दीबोकामा अविरल वर्षाले एक साथ खिरपाटीबाट आएको पहिरोले दैनिक रूपमा चल्ने सबै सवारीसाधन तथा सर्वसाधारण प्रभाव परेको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक श्रीपालीले जानकारी दिनुभयो। उहाँका अनुसार दैनिक जसो हजारौं नागरिक सवारीसाधनमार्फत त्यहाँबाट आउने जाने गोरखाको धार्चे गाउँपालिका, आरुघाट गाउँपालिका र सिरानचोक थाप्ले गाउँपालिकाका सबै नागरिक सडकमार्गबाट यात्रा गर्न वञ्चित भएको उहाँले बताउनुभयो।

बुधबारदेखि परेको वर्षाका कारण आएको पहिरोले सडकमा क्षति पुग्दा आवागमनमा समस्या परेको गण्डकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिनेश उपाध्यायले बताउनुभयो। बेनीघाट-आरुघाट सडकखण्डको मुख्य सडक पहिरोले ठप्प हुँदा दुई दिनदेखि यात्रुहरूलाई समस्या सडकबाट यात्रा गर्न र वैकल्पिक सडक बाटो प्रयोग गर्न सक्ने गण्डकी गाउँपालिकाले बुधबार एक सूचना जारी गरी बेनीघाट-आरुघाट सडकमा यात्रा नगर्न अपिलसमेत गरेको गण्डकी गाउँपालिकाका अध्यक्ष श्रीपालीले बताउनुभयो।

सडक खुलाई नागरिकको सहज आवागमन गराउन सोहीअनुसार गाडीको काम शुरू गर्ने गाउँपालिकाले जनाएको छ।

# घरमै भत्ता पाएपछि ज्येष्ठ नागरिक खुसी

सुलीकोट समाचारदाता
सुलीकोट, साउन २४ गते

गोरखाको गण्डकी गाउँपालिकामा आफन्त र अशक्त नागरिकलाई घरमै गएर सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। घरमै सामाजिक सुरक्षा भत्ता पाएपछि गण्डकी गाउँपालिकाका आशक्त र ज्येष्ठ नागरिक खुसी भएका छन्। गाउँपालिकाले टोल टोलमा घर घरमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने क्रम, ज्येष्ठ नागरिकलाई राहत भएको हो।

"पहिले त टुट भत्ता लिनका लागि बैंकसम्म पुग्नु पर्थ्यो" गण्डकी गाउँपालिका-१, दर्बुङका ज्येष्ठ नागरिक चन्द्रमाया श्रेष्ठले भन्नुभयो "अहिले घरमै टोलमा आएर दिएर धन्यवाद दिनुपर्छ छ।" उहाँले भत्ता बुझ्नका लागि बैंक सम्म खर्च गर्न बैंकसम्मको भत्ता बैंकसम्म जान आउन आफूलाई धेरै हैरानी हुने बताउनुभयो।

ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) को

## ४६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय सदस्य महानुभावहरू,

ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान) को मिति २०८१ श्रावण १६ गते बसेको कार्यसमितिको २२औं पूर्ण बैठकको निर्णय अनुसार संस्थाको ४६औं वार्षिक साधारण सभा एवं निर्वाचन मिति २०८१ भदौ १७ गते सोमबार, तद्नुसार 2nd September 2024 का दिन एभिन्यु रिसोर्ट/होटल, गैरिधारा, काठमाण्डौमा बिहान ९:०० बजेबाट निम्न लिखित विषयहरू माथि छलफल तथा निर्णय गर्नका लागि बस्ने भएकोले सम्पूर्ण सदस्यज्यूहरूलाई जानकारी गराउँदछौं।

छलफलका विषयहरू :

1) कार्यसमितिको तर्फबाट संस्थाका महासचिवद्वारा आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम एवं योजनाहरूको प्रस्तुति ।
2) कार्यसमितिको तर्फबाट संस्थाका कोषाध्यक्षद्वारा आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन तथा आ.व. २०८१/०८२ को अनुमानित बजेट प्रस्तुति ।
3) आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
4) ४६औं वार्षिक साधारण सभाको माइन्युट हस्ताक्षर गर्नका लागि सभाबाट २ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
5) विधान संशोधन सम्बन्धमा ।
6) टानको विनियमावली संशोधन सम्बन्धमा ।
7) विविध ।

कार्यसमितिको आज्ञाले
विनोद शर्मा कोइराला
महासचिव
ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)

## कोशी प्रदेश कार्यालय

इटहरी, सुनसरी, नेपाल ।

**डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरूको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना।**

(सूचना प्रकाशित मिति : २०८१।०४।२४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१/०३/१४ गते प्रकाशित सूचना अनुसार मिति २०८१/०३/१२ मा सञ्चालित डिप्लोमा तथा प्रमाणपत्र तहका वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका सम्पूर्ण Engineering कार्यक्रम, Hotel management, Agriculture (Animal, Plant) र Forestry कार्यक्रमको मिति २०८१/०४/१२ गते ८:०० बजे तोकिएका परीक्षा केन्द्रहरूमा सञ्चालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१" अनुरूप लिखित परीक्षाको प्राप्ताङ्क र एस.ई.ई./एस.एल.सी. को शैक्षिक प्रमाणपत्रमा प्राप्त अङ्कको योगफल गरी स्वीकृत कार्यक्रमहरूको पास, कोटाको योग्यता क्रम बमोजिम मिति २०८१/०४/२४ गतेको निर्णयानुसार मुख्य उत्तीर्ण सूची र वैकल्पिक सूची प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। मुख्य उम्मेदवारको रूपमा छनोट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरू मिति २०८१/०५/०२ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नागरिकता प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्म दर्ता, छनोट भएको कोटा प्रमाणित कागजात सहित तोकिएको विद्यालयमा भर्ना हुन जानुहुन जानकारी गराइन्छ। सम्बन्धित विद्यालयले यस सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेखित आधार बमोजिम परीक्षार्थीहरूसँग पेस गरिएका सक्कल प्रमाणपत्र र कागजातहरू विद्यालयका प्राचार्यले रुजु गरेर भर्ना गर्नुहुन अनुरोध छ। साथै भर्नाका लागि तोकिएका विद्यालयहरूमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरूको जानकारी सहित कोशी प्रदेश कार्यालयको इमेल ठेगाना ctevt.koshi@gmail.com मा अनिवार्य रूपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा २६(ख) बमोजिम ३ दिन भित्रमा अनिवार्य रूपमा लिखित जानकारी गराउनुपर्नेछ।

विस्तृत जानकारीका लागि www.ctevtp1.org.np वा www.ctevtexam.org.np मा हेर्नुहोला।

कार्यालय, निर्देशक

**Patan Academy of Health Sciences (PAHS)**
Lagankhel, Lalitpur, Nepal

**Notice of Intent of Acceptance**

Date of Publication: 09 August 2024

For the Provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act, 2063. This is notifying to all Bidders who submitted their bids for the contracts as per the IFB Notice Published on 2024 June 21 that the following mentioned lowest substantial responsive bidders are intended to award the contract.

| S.N | Name of Project | Contract Identification No | Name of Successful Bidder | Amount [illegible] |
|---|---|---|---|---|
| 1 | Procurement of X-Ray Film on Printer and CR System Rental Basis. | PAHS/NCB XR/ 22/080/081 | East West International Pvt.Ltd, Kathmandu. | NPR. 1,64,86,700.00 |

Registrar, PAHS

**Armed Police Force, Nepal Welfare Service Center (APFNWSC)**
Halchowk, Kathmandu, Nepal

**Invitation for Bids**

Date of publication:2081/04/25
(IFB No: APF/WSC/NCB/G/01/2081/082)

1. The Armed Police Force, Nepal Welfare Service Center invites electronic bids from eligible bidders for the procurement of below mentioned Goods for fiscal Year 2081/082 under National competitive bidding single stage two envelope procedures specified in Public Procurement Act and Regulations.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate envelopes, one *containing* (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Armed **Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal, Telephone +977-1-5249030 and E-mail: welfaresection@gmail.com** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Himalayan Bank Limited, Swoyambhu Branch, Kathmandu, Nepal
   **Name of Office:** The Armed Police Force, Nepal Welfare Service Center
   **Office Account No.:** 02500944630015

5. Pre-bid meeting shall be held at The Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal at 13:00 hrs. 2081/05/07.
6. Bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00** noon on **2081/05/23** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** hrs on **2081/05/23** at the office of Armed Police Force, Nepal Welfare Service Center, Halchowk, Kathmandu, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum below mentioned respective column. Which shall be valid for 30 days beyond the validity period of the bid. (I.e. Date 2081/09/21, 5th Jan. 2025).
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contracts are as follows:

| S.N. | Contract ID No. | Name of Procurement | | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | APF/WSC/NCB/G/01/ 2081/082/001 | Medicines Related Items | Medicines Related Items Set "A" | 3000.00 | 3,17,000.00 |
| | | | Medicines Related Items Set "B" | | 1,24,000.00 |
| 2 | APF/WSC/NCB/G/01/ 2081/082/002 | Surgical & Radiology Related Items | Surgical Related Items Set "A" | 3000.00 | 1,47,000.00 |
| | | | Surgical Related Items Set "B" | | 62,000.00 |
| | | | Radiology Related Items | | 68,000.00 |
| 3 | APF/WSC/NCB/G/01/ 2081/082/003 | Pathology Related Items | | 3000.00 | 2,41,000.00 |